# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६१० मिति :- २०७०/९/ २९

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त "क" बर्गका बैकहरू ।

विषय :- सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८ मा संशोधन गरिएको सम्बन्धमा ।

महाशय,

सुन आयात तथा बिक्री व्यवस्था सम्बन्धमा यस विभागबाट मिति २०६८/१/५ मा जारी गरिएको इ.प्रा.परिपत्र संख्या ५५७ मार्फत जारी गरिएको "सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८" को परिच्छेद २ को दफा ४ मा भएको "आयात गर्न सकिने सुनको दैनिक परिमाणलाई १५ किलोग्राम कायम गरिएको छ" भन्ने व्यवस्थाको सट्टामा "आयात गर्न सकिने सुनको दैनिक परिमाणलाई २०७० माघ १ गते देखि २०७१ असार मसान्तसम्मको लागि २० किलोग्राम कायम गरिएको छ ।" भनी संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(विष्णु नेपाल)
कार्यकारी निर्देशक

बोधार्थः
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौं ।
५. श्री नेपाल सरकार, वाणिज्य मन्त्रालय, निर्यात प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय व्यापार शाखा, सिंहदरबार, काठमाण्डौं ।
६ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री बैंक सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री नेपाल सुनचाँदी व्यवसायी महासंघ, क्षेत्रपाटी, काठमाण्डौं ।
११. श्री नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ, गणबहाल, काठमाण्डौं ।
१२. श्री नेपाल हस्तकला महासंघ, थापाथली, काठमाण्डौं ।